# अर्जुनधारा राजपत्र

## अर्जुनधारा नगरपालिकाद्वारा प्रकाशित

## खण्ड १, संख्या २, शनिश्चरे, फाल्गुन १० गते, २०७४ साल


अर्जुनधारा नगरपालिका,नगर कार्यपालिकाको मिति २०७४/१०/२८ गते बसेको बैठकले अर्जुनधारा नगरपालिकाको शैक्षिक व्यवस्थापन कार्यविधि,२०७४ स्वीकृत गरी जारि गरेको छ ।

**अर्जुनधारा नगरपालिकाको शैक्षिक व्यवस्थापन कार्यविधि, २०७४**

**नेपाल सरकार, स्थानीय सरकार संचालन ऐन, २०७४** को दफा ११ उपदफा २ को खण्ड "ज" ले दिएको अधिकार प्रयोग गरी यो अर्जुनधारा नगरपालिका भित्रका विद्यालयहरुको संचालन, व्यवस्थापन तथा नियमनका लागि **अर्जुनधारा नगरपालिका, शनिश्चरे, झापाबाट यो शैक्षिक व्यवस्थापन कार्यबिधि, २०७४** जारी गरिएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**संक्षिप्त नाम र परिभाषा**

१. संक्षिप्त नाम र प्रारम्भ (१) यस कार्यविधिको नाम "**अर्जुनधारा नगरपालिकाको शैक्षिक व्यवस्थापन कार्यविधि, २०७४**" रहनेछ ।

(२) यो कार्यविधि अर्जुनधारा नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "ऐन" भन्नाले नेपाल सरकार, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा प्रचलित शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले अर्जुनधारा नगरपालिका कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले नियम ८७ वमोजिमको विद्यालय संचालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

(घ) " नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको अर्जुनधारा नगरपालिका सम्झनु पर्छ ।

(ङ) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

